<u>**Motorcycle सप्लाई गर्ने सम्बन्धीको गोप्य सिलबन्दी कोटेशन आव्हानको सुचना**</u>

प्रथम पटक प्रकाशित मितिः
२०७४/५/२५

यस कार्यालयको लागि Motorcycle २ वटादेखि ६ वटासम्म खरिद गर्नुपर्ने भएकोले इच्छुक नेपाल सरकारबाट इजाजत प्राप्त फर्म वा सप्लायर्स्बाट निम्न बमोजिमको शर्त पालना गर्ने गरी रितपुर्वकको गोप्य सिलबन्दी कोटेशन पेश गर्नूहून सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

१। सिलबन्दी कोटेशन फाराम यस कार्यालयको राजश्व शाखाबाट रु.१,०००। (फिर्ता नहूने गरी) तिरी यो सुचना प्रकाशित भएको मितिले १५ औं दिनभित्र कार्यालय समयमा राजश्व शाखाबाट प्राप्त गर्न सकिनेछ ।

२। खरिद भएको कोटेशन यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२.०० बजेसम्म यस कार्यालयमा दर्ता गराई सक्नूपर्नेछ । सोही दिन प्राप्त सिलबन्दी कोटेशन कार्यालय र प्रतिनिधिको रोहवरमा (प्रतिनिधि उपस्थित नभएपनि) दिउंसो २.०० बजे खोलिनेछ ।

३। कोटेशनदाताले नेपाल सरकारको कानुन बमोजिम कर/भन्सार शूल्क स्वयंले तिर्नूपर्नेछ ।

४। फर्म सप्लायर्स्को निवेदन मान्य भएको इजाजत प्राप्त मुल्य अभिबृद्धि कर तथा आयकर प्रमाणपत्र प्रतिलिपि समेत संलग्न गरी पेश गर्नूपर्नेछ ।

५। Motorcycle को Specification यस कार्यालयबाट कोटेशनका साथमा उपलब्ध गराइने छ । Specification अनूसार प्राप्त नभएका बोलपत्र माथि कार्यालयले कूनै कारवाही गर्ने छैन ।

६। कोटेशन खरिद गर्ने, दर्ता गर्ने र खोल्ने दिन बिदा परेमा क्रमशः सोको भोलिपल्ट माथि उल्लेखित समयमा उक्त कार्यहरु गरिनेछ ।

७। यस नगरपालिकाको हितलाई ध्यानमा राखी सिलबन्दी कोटेशन स्वीकृत गर्ने तथा अस्वीकृत गर्ने अधिकार यस नगरपालिकामा सूरक्षित रहनेछ ।

८। कोटेशन साथ यस कार्यालयको नेपाल बैंक लिमिटेड दमौली तनहुं स्थित धरौटी खाता हि.नं. ग/३/०/१२/०६००३००००००००३०००००१२ मा आफुले कवूल गरेको एक मूष्ठ रकमको २.५ प्रतिशतले हून आउने धरौटी रकमको बैंक भौचर सक्कलै संलग्न राखी पेश गर्नूपर्नेछ ।

९। कोटेशन स्वीकृत भई सम्झौता भएको १५ (पन्ध्र) दिनभित्र कार्यालयमा सामान उपलब्ध गराउनूपर्नेछ । स्वीकृत फर्म वा सप्लायर्स्ले म्याद भित्र सामान उपलब्ध नगराएमा धरौटी जफत गरी कार्यालयबाट अर्को व्यवस्था मिलाइनेछ ।

१०। सम्बन्धित कम्पनीबाट आधिकारिक रुपमा अनुमति लिएको हुनुपर्नेछ ।

११। कम्तिमा ३ वर्षदेखि नेपालमा आधिकारिक रुपमा सेवा गरेको हुनुपर्नेछ ।

१२। तनहुं दमौली भित्र आफ्नो सर्भिसिङ सेन्टर स्थापना भएको हुनुपर्नेछ ।

१३। यसमा उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार र अन्य कुराहरु प्रचलित कानुन अनुसार हुनेछ ।

१४। यस सम्बन्धी अन्य थप कूरा बूझ्न आवश्यक परेमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।